नेपाल सरकार
कृषि बिकास मन्त्रालय
कृषि बिभाग

# पोष्ट हार्भेष्ट ब्यवस्थापन निर्देशनालय

श्रीमहल, पुल्चोक ललितपुर

**सार्क फण्ड अन्तर्गत सुन्तलाको उत्पादनोरान्त क्षती न्युनीकरणको लागि प्याकहाउस स्थापना गर्नको लागि अनुदान माग गर्न प्रस्ताव पेश गर्ने सम्बन्धि**

**सुचना नं. ५/०७४/०७५**

**(प्रकाशन मिति : २०७४।०७।२३)**

आ.ब. २०७४/७५ मा सार्क फण्ड अर्न्तगत सुन्तलाको उत्पादनोपरान्त क्षती न्युनीकरण तथा मुल्य अभिबृद्धी गर्न **"बाली उत्पादनोपरान्त क्षति न्युनिकरण तथा गुणस्तरिय कृषि वस्तु, उत्पादनको लागि कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७०" अनुसार** स्याङ्जा, गोरखा र तनहुँ जिल्लाहरुमा प्याक हाउस (२ वटा) (सँकलन, प्रिकुलिङ्ग, निसँकमण, ड्राईङ्ग, प्रशोधन, ग्रेडिङ्ग, प्याकिङ्ग, लेबलिङ्ग तथा भण्डारण समेत) को लागि पुर्वाधार बिकास गर्न आवश्यक भवन तथा मेसिनरी औजार निर्माण खरीदमा लागत मुल्यको ८५ प्रतिशत वा रु ५४,२५,०००/ प्रति १ प्याकहाउस सम्म अनुदान उपलब्ध गराउने कार्यक्रम भएको हुँदा उक्त जिल्लाका सुन्तलाको उत्पादन तथा बजारीकरणमा सँलग्न कृषकसमुह, सहकारी तथा कृषि उद्यमी/ब्यवसायीहरुबाट तपसिल बमोजिमको कागजपत्रहरुको प्रतिलिपि सँलग्न राखी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र बिस्तृत प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव तयार गर्दा यस निर्देशनालयबाट उपलब्ध हुने फारममा स्वीकत कार्यविधिको परिधिभित्र रही तयार गर्न तथा प्रस्ताव सम्बन्धी ढाँचा र अन्य बिस्तृत जानकारीको लागि सम्बन्धित जिल्ला कृषि बिकास कार्यालयमा वा यस निर्देशनालयको website: www.phmd.gov.np हेर्न वा टेलिफोन नं. ०१-५५२११५१, ५५५०२२६ मार्फत जानकारी लिन सकिनेछ । प्रस्ताव सम्बन्धित जिल्ला कृषि बिकास कार्यालयमा वा यस निर्देशनालयमा तोकिएको समय भित्र बुझाउन सकिनेछ ।

**संलग्न राख्नुपर्ने कागजातहरु:**

१.समुह / सहकारी / फर्म दर्ता / नागरिकता, समुहको हकमा प्यानमा दर्ता भएको हुनुपर्ने
२. आ.व. २०७३।७४ को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी
३. आर्थिक विवरण (विगत तीन आ. व. को कारोवार तथा लेखापरिक्षण प्रतिवेदन)
४. निर्माणको हकमा

- जग्गाको निजी स्वामित्व भएका हकमा जग्गााको लालपूर्जाको प्रतिलिपी
- जग्गा भाडामा लिएको हकमा आधिकारिक कानुन व्यवसायीले नेपाली कागजमा तयार गरेको लिजको कागजात र लिजमा लिएको समुह/ सहकारी/व्यक्ति जग्गाको लालपूर्जाको प्रतिलिपि
- सार्वजनिक/सरकारी जग्गाको हकमा आधिकारिक मन्जुरीनामा
- जग्गा भाडामा लिएको (लिज) अवधि न्यूनतम १५ वर्ष हुनुपर्ने

५.मेशिनरी औजारको हकमा आधिकारिक सप्लायर्सको स्पेशिफिकेशन सहितको कोटेशन
६. निर्माण गरिने पूर्वाधारको मान्यता प्राप्त इन्जिनियरबाट तयार गरिएको डिजाइन, लागत तथा ईष्टिमेट
७. समुह / सहकारीको आधिकारीक निर्णय सहितको अधिकार प्रत्यायोजनको पत्र
८.सम्बन्धीत जि.कृ.वि.का. बाट सिफारिश